# अमरगढी नगरपालिकाको आ.व.२०७८÷७९ को वार्षिक नीति तथा कार्यक्रमहरु

नगर सभा सदस्यहरु, एवं सम्पूर्ण राष्ट्रसेवक कर्मचारी र उपस्थित सम्पूर्ण महानुभावहरु,

विश्वव्यापी महामारीको रुपमा फैलिइरहेको कोभिड-१९ (कोरोना भाईरस) ले समग्र विश्व नै आक्रान्त परेको यो कठिन समयमा पहिलो लहरबाट सबैको साथ सहयोगमा अमरगढीलाई धेरै हदसम्म सुरक्षित राख्नमा सफलता त प्राप्त गर्‍यौं। तर फेरी कोरोना भाइरसको दोश्रो लहर चलेको यो चुनौतीपूर्ण र असहज अप्ठ्यारोमा संघ र प्रदेश सरकारका नीतिलाई मार्गदर्शनका रुपमा लिई अमरगढी नगरपालिकाको नगर सभामा वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा गौरवान्वित महसुस गरेको छु।

१. कोभिड- १९ को दोश्रो लहरको महामारीको चपेटामा परिरहेको चुनौतीपूर्ण अबस्थामा रहेका छौं। देश विदेशमा गरेर थुप्रैको ज्यान गइसकेको छ भने थुप्रै अझै संक्रमित रहेका छन्। यस महामारीबाट संक्रमित भइ नेपाल भित्र र बाहिर जीवन गुमाउनु हुने नेपाली तथा अन्य मित्रराष्ट्रका नागरिकहरुका शोकाकुल परिवार प्रति गहिरो समवेदना व्यक्त गर्दछु। साथै उपचाररत सम्पुर्ण दाजुभाई दिदिबहिनीहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

२. कोभिड-१९ को दोश्रो लहरले सबै मुलुकको अर्थ व्यवस्थामाथि गम्भीर धक्का पुर्‍याउनुका साथै विश्व पर्यटन तथा आवागमन अबरुद्ध भएको छ। उद्योग, ब्यवसाय प्रायः बन्द अबस्थामा छन्। उत्पादन वितरण प्रणाली गम्भीर रुपमा प्रभावित भएको छ। लाखौको रोजगारी गुमेको छ। दिगो विकासको लक्ष्य प्राप्तीमा ठुलो व्यवधान खडा भएको यो अवस्थामा कोभिड-१९ को प्रभाव यस नगरपालिकामा समेत पर्न गएको छ। यस कठिन घडीमा अदृश्य दुश्मनका विरुद्ध जीत हासिल गर्नका लागि हामी नगरवासीबीच ऐक्यवद्धता, सहकार्य, प्रेम र सकारात्मक आशा हुन जरुरी छ।

३. संक्रमणलाई थप फैलन नदिन र यस महामारी माथि विजय प्राप्त गर्न आगामी दिनमा अझ बढी सतर्कता, समन्वय र एकता आवश्यक भएकाले एकढिक्का भएर लाग्न म सबैमा आह्वान गर्दछु। संकटको यस घडीमा अग्रपङ्तिमा रहेर सेवा गर्ने चिकित्सक, नर्स, स्वास्थ्यकर्मी, सफाइकर्मी, सुरक्षाकर्मी, चालक लगायत राष्ट्रसेवकहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु।

उपस्थित महानुभावहरु,

४. नेपाल  सरकारले नेपाली जनतासंग गरेको प्रतिबद्धता अनुरुप **समृद्ध नेपाल, सुखी नेपाली**को राष्ट्रिय आकांक्षा पुरा गर्न दीर्घ अठोटका साथ हामीहरु पनि अघि बढ्नु जरुरी छ।

५. कोभिड -१९ रोकथाम तथा नियन्त्रणमा लागि अमरगढी नगरपालिका शुरु देखि नै क्रियाशील छ। नगरपालिकाले आन्तरिक स्रोत परिचालनका लागि छुट्टैकोषको व्यवस्था गरि सरकारी, निजी तथा अन्य क्षेत्रबाट प्राप्त हुने रकम सो कोषमा जम्मा भई कोभिड-१९ को रोकथाम तथा नियन्त्रणमा खर्च हुने व्यवस्था मिलाएको छ। बन्दाबन्दीको अवस्थामा नगरपालिकाको संयन्त्र मार्फत समेत औषधी, खाद्य वस्तु लगायतका अतिआवश्यक उपभोग्य वस्तुको सहज आपूर्ति हुने व्यवस्था गरिएको छ।

६. अमरगढी नगरपालिकाले कोभिड-१९ को दोश्रो लहरको चपेटामा पर्ने व्यक्ति तथा निजको कन्ट्याक्ट ट्रेसिङ्गमा परेका अन्य व्यक्तिको स्वाव सङ्कलन गर्ने कार्य गरेको छ। परिक्षण र खोपको दायरालाई अझ फराकिलो पार्दै लगिने छ।

७. स्थानीय तहको निर्वाचन पश्चात जनप्रतिनिधिविहिन बनेका स्थानीय तहमा अभिभावकत्व कायम भएको छ। संविधानको कार्यान्वयनमा स्थानीय तहको महत्वपूर्ण भुमिका रहेको छ। नागरिकका मौलिक हक, आधारभूत आवश्यकता, स्वतन्त्रता, सामाजिक संरक्षण एवं सामाजिक न्याय, विकास निमार्ण, सुशासन प्रवर्द्धन तथा संघीयता कार्यान्वयनका लागि आवश्यक महत्वपूर्ण कानूनहरु जारी भएकाले कार्यान्वयनमा हाम्रो पूर्ण प्रतिवद्धता हुन जरुरी छ।

उपस्थित महानुभावहरु,

८. निश्चित समयावधि भित्रै दिगो विकासका लक्ष्यहरु हासिल गर्दै मध्यम आय भएको मुलुकमा स्तरोन्नती गर्ने नेपाल सरकारको लक्ष्य हासिल गर्न आवश्यक रणनीतिका साथै प्रभावकारी कार्यक्रमहरु सञ्चालन गरिने छन्।

९. कृषि उत्पादकत्व १० वर्षमा दोब्बर गर्न कृषिको आधुनिकीकरण र व्यवसायीकरणको योजना सहित कृषि पूर्वाधारमा ठूलो मात्रामा लगानी गर्न नेपाल सरकारको लक्ष्य पूरा गर्न आवश्यक नीति अवलम्वन गरिने छ।

१०. नेपाललाई कोभिड-१९ महामारी मुक्त देश बनाउनु नेपाल सरकारको पहिलो प्राथमिकता भएकाले सरकारले अख्तियार गरेका रणनीतिहरुको पूर्ण पालना गर्ने गराइने छ।

उपस्थित महानुभावहरु,

११. नेपाल सरकारले गुणस्तरीय स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाई सेवामा सबै नेपालीहरुको समतामूलक पहुँच सुनिश्चत गर्ने नीतिलाई अमरगढी नगरपालिकाले अबलम्वन गरि उपलव्ध श्रोतसाधनहरुको समुचित र न्यायोचित रुपमा वितरण गर्ने व्यवस्था मिलाउने छ।

१२. कोभिड-१९ को संकटका बीचमा पनि अमरगढी नगरपालिकालाई पूर्ण पोषणमैत्री स्थानीय शासन युक्त नगरपालिकाको रुपमा स्थापित गराइने छ। यसैगरी पूर्ण पोषणमैत्री वडा घोषणा कार्यक्रमले निकै नै सफलता हासिल गरेको अवस्थामा यसलाई थप सुदृढ र जनतामूखी बनाउँदै नेपालको संविधानको धारा ३५ को व्यवस्थालाई कार्यान्वयन गर्नका लागि आधारभूत स्वास्थ्य सेवा निःशुल्क र आकस्मिक स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गराउनका लागि आवश्यक नीति तथा कार्यक्रमहरु अबलम्वन गरिने छन्।

१३. निरोगी नेपाल निर्माण सरकारको मूल स्वास्थ्य नीति भएको हुँदा प्रकृतिमैत्री स्वच्छ जीवनप्रणाली प्रवर्द्धन गरि नेपालीको रोग प्रतिरोधात्मक क्षमता वृद्धि गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गर्नुका साथै आवश्यक रणनीति अवलम्वन गरिने छ। साथै पोषिलो खाना खाने, शुद्दपानी पिउने, चर्पी प्रयोग गर्न, फोहोर व्यवस्थापन गर्न र साबुन पानीले हात धुने नीतिलाई कडाईका साथ लागू गरिने छ। बहुक्षेत्रीय सहकार्य, समन्वय र साझेदारी मार्फत गुणस्तरिय स्वास्थ्य सेवामा सबै वर्ग, क्षेत्रको समन्यायीक पहुँच कायम गर्दै आधारभूत स्वास्थ्य सेवालाई निःशुल्क, व्यवस्थित, मर्यादित र गुणस्तरिय बनाइने छ।

१४. आधारभूत स्वास्थ्य केन्द्रहरुको आफ्नै भवनबाट सेवाहरु सुचारु गरिसकिएको अवस्थामा त्यसमा स्वास्थ्यका आधारभूत प्रोटोकलहरुको मापदण्ड बमोजिम सुधार गरिदै लगिने छ । चार वटा वर्थिङ्ग सेन्टरहरुको संरचना तयार भई कार्यान्वयनको चरणमा छौं । सबै स्वास्थ्य केन्द्रहरुमा वर्थिङ्ग सेन्टरुहरुको व्यवस्था गरिने छ । त्यसबाट गुणस्तरिय सेवाको सुनिश्चितता गर्दै मातृशिशु मृत्युदरलाई शुन्यमा झार्ने लक्ष्यका साथ अघि बढ्दै **गर्भवति र सुत्केरी जाँच, घरमा र प्रसुति, स्वास्थ्य संस्थामा गर्ने** नीति अवलम्वन हुने छ ।

१५. सुनौला १००० दिनका आमाहरु र शिशुलाई पोषणका लागि आवश्यक व्यवस्था मिलाईने छ । बहुक्षेत्रिय पोषण कार्यक्रम लाई एकद्धार प्रणाली मा ल्याईने छ । अमरगढी बहुक्षेत्रीय समन्वय कार्यक्रम (AMCP) लागु गरिने छ ।

१६. मानसिक स्वास्थ्य सेवा सबै स्वास्थ्य संस्थामा सञ्चालन गरिने छ । हरेक स्वास्थ्य संस्थाम इ–रिपोर्टको प्रवन्ध मिलाईने छ । साथै स्वास्थ्य बीमा कार्यक्रमलाई विशेष महत्वका साथ अगाडी बढाइने छ । स्वास्थ्यकर्मी ईन्धनको व्यवस्था मिलाइने छ । स्वास्थ्यकर्मीहरुको क्षमता विकासका लागि आवश्यक तालिमहरुको व्यवस्था संगै निश्चित मापदण्डका आधारमा प्रोत्साहनको व्यवस्था गरिनेछ ।

१७. नगर क्षेत्रभित्रका अव्यवस्थीत औषधी पसलहरु, क्लिनिकहरु र निजी अस्पतालको स्थापना तथा नविकरण प्रकृयालाई व्यवस्थित गरिने छ । नियमन र अनुगमनलाई प्रभावकारी बनाई कानून विपरित सञ्चालन भएकालाई कारवाहीको दायरामा ल्याइने छ ।

१८. नगरक्षेत्रका स्वास्थ्य संस्थामा कम्तिमा हप्ताको एक दिन चिकित्सक पुर्याउने लक्ष्य लिइने छ । कोभिड–१९ लगायतका संक्रामक रोगहरुको रोकथाम, उपचार र राहतमा विशेष जोड दिईने छ ।

१९. उच्च रक्तचाप, मधुमेह, क्यान्सर, दम, कलेजो, महिलाको पाठेघर सम्वन्धी रोगको समस्या भएकालाई र जेष्ठनागरिक उपचार अन्तर्गत ८० वर्ष पुगेका जेष्ठ नागरिकलाई घरमै निःशुल्क स्वास्थ्य सेवा दिने नीतिलाइ निरन्तरता दिइने छ । एकल महिला, सुरक्षित मातृत्वका महिला, अशक्त, अपाङ्गहरुलाई स्वास्थ्य सेवामा विशेष प्राथमिकतामा राखिने छ ।

२०. नेपाल सरकारबाट घोषणा गरिएका निःशुल्क औषधीहरु सहजरुपमा प्रत्येक स्वास्थ्य संस्थाबाट नगरवासीको पहुँचमा पुर्याउने व्यवस्था गरिने छ । घरदैलो स्वास्थ्य सेवामा जोड दिइने छ ।

२१. मानसिक स्वास्थ्य सेवा सबै स्वास्थ्य संस्थामा संचालन गरिने छ । वडा स्तरिय र टोल स्तरीय सरसफाई समिति गठन गरिने छ । टोल सफाईमा जोड दिईने छ । सुरक्षित खाना, सुरक्षित पानी र सुरक्षित चर्पी प्रयोगको दायरालाई बढाउदै सरसफाईमा सबैको ध्यान केन्द्रित गरी झाडापाखाला, आउँजन्य रोगहरुलाई समुदायस्तरबाट निर्मुल गरिनेछ ।

२२. महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई मोवाईल सेवा मार्फत सेवा दिन लगाईने छ । स्वयंसेविका प्रोत्साहनका लागि अक्षय कोष तथा क्लव गठन र स्वयंसेविका सम्मान तथा भ्रमण कार्यक्रम सञ्चालन गरिने छ ।

२३. नगर क्षेत्र भित्र प्राकृतिक योग र आर्युवेद चिकित्सालाई जोड दिदै सबै स्वास्थ्य संस्थाहरुमा सेवा विस्तारका लागि पहल गरिने छ । पूर्ण छुवाछुत मुक्त वडा घोषणा कार्यक्रम लागु गरिने छ ।

२४. नगर क्षेत्रका  स्वास्थ्य संस्थाहरुका कम्तीमा हप्ताको एक दिन चिकित्सक पुर्याउने लक्ष्य लिईनेछ। प्रत्येक मा. वि र उच्च माविमा कम्तीमा एक जना स्वास्थ्यकर्मी राखिएकोमा त्यसलाई अझ समुदाय केन्द्रित बनाइने छ। गाउँ गाउँमा विद्यार्थी स्वास्थ्य स्वयं सेवक क्लव (Student Health Volunteer Club) गठन गरी विद्यार्थी स्वास्थ्य जिम्मेवार पद्दतिलाई अझ प्रभावकारी बनाइने छ।

२५. प्रत्येक घरधुरीका प्रत्येक नागरिकलाई अनिवार्य उमालेको पानीमात्र पिउने र साबुन पानीले हात धुने नीति लागू गरिने छ।

२६. सामाजिक सुरक्षा भत्तालाई स्वास्थ्य सचेतनासंग Tie up गर्दै लगिने छ। संक्रमण जोखिमयुक्त ठाउँहरुको पहिचान गरी बिशेषज्ञ स्वास्थ्य शिविरहरु संचालन गरिने छ। पोषणका लागि प्रदान गरिने दलित बालबालिकाको भत्ता अनिवार्य रुपमा स्वास्थ्य सामाग्री किनेको सुनिश्चितता पश्चात मात्र भुक्तानी हुने व्यवस्था मिलाइने छ।

२७. नगर सरसफाईलाई बिशेष प्राथमिकतामा राखि clean city : Green City को अवधारणाको विकास गरिने छ। घरमा करेसाबारी र रुख रोप्ने कार्यलाई प्राथमिकताका साथ अघि बढाइने छ।

२८. फोहरको प्रकृतिको वर्गिकरण गरी प्रयोग जन्य र प्रयोगहीन फोहरको कार्य गरिने छ। व्यापारीहरुबाट निस्कने फोहरलाई स्वयं व्यापारीहरुबाट नै ब्यवस्थापन गर्ने नीति अनिवार्यताका साथ लागु गरिने छ। फोहर ब्यवस्थापन गर्न आलटाल गर्ने व्यापारीको पसल नवीकरण नगर्ने नीति लागु गरिने छ।

उपस्थित महानुभावहरु,

२९. सामुदायिक विद्यालयहरुमा गुणस्तरीय शिक्षा सुनिश्चितताको लागि आवश्यक कार्यक्रमहरूलाई विशेष जोड दिइनेछ जसका लागि नेपाल सरकारद्वारा ल्याइएका राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम, विद्यार्थी दिवाखाजा कार्यक्रम, सेनिटरी प्याड वितरण कार्यक्रम लगायतका कार्यक्रमहरूलाई अमरगढी नगरपालिकामा प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

३०. नगरपालिकास्तरमा नगर शिक्षा योजनाको निर्माण सम्पन्न गरी कार्यान्वयनमा ल्याइनेछ। विद्यालय स्तरमा विद्यालय सुधार योजनालाई थप यथार्थपरक बनाइ प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाइनेछ। विद्यालय स्तरमा वार्षिक रुपमा वार्षिकोत्सव तथा अभिभावक दिवस कार्यक्रम गरी वार्षिक प्रगति प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था अनिवार्य गरिनेछ।

३१. विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्नुका साथै उत्कृष्ट विद्यार्थी एवम् शिक्षकहरू, न्यून पारिश्रमिकमा कार्यरत सामुदायिक विद्यालयका कर्मचारी र बालविकास शिक्षकहरुलाई प्रोत्साहन गरिनेछ। विद्यालयको प्राज्ञिक एवम् प्रशासनिक नेतृत्त्व गरिरहेका प्रधानाध्यापकहरूको अनुभव आदानप्रदानका लागि घुम्ती प्र.अ. बैठकको व्यवस्था मिलाइनेछ। जसका लागि प्रधानाध्यापकहरूलाई यातायात एवम् सञ्चार खर्च लगायतको सुविधा प्रदान गरिनेछ।

३२.विद्यालय स्तरमा खेलसम्बन्धी गतिविधिलाई प्रभावकारी बनाउन नगरपालिकाका प्रत्येक आधारभूत तथा माध्यमिक विद्यालयमा खेल शिक्षकहरूको पहिचान गरी उनीहरूको लागि खेलकुद सम्बन्धी आधारभूत सीप एवम् क्षमता विकास गरिनेछ। विद्यालयहरूमा स्काउटका गतिविधिहरू सञ्चालन हुने वातावरण मिलाइनेछ।

३३. नगरक्षेत्रमा सञ्चालित संस्थागत विद्यालय तथा विभिन्न निजी क्षेत्रका शैक्षिक संस्था एवम् इन्ष्टिच्यूटहरूलाई मापदण्ड बनाइ नियमन गर्दै लगिनेछ।

३४. सामुदायिक विद्यालयहरूलाई भूगोल र विद्यार्थी सङ्ख्याका आधारमा समायोजन र शिक्षक दरबन्दी मिलानको कार्यलाई सूचकमा आधारित बनाई निरन्तर जारी राखिनेछ। साथै विषयगत शिक्षकको आवश्यकता पूर्तीका लागि नगर स्तरबाट समेत शिक्षकको व्यवस्था मिलाइनेछ।

३५. "पाठ्यक्रमको स्थानीयकरणः शिक्षामा रुपान्तरण" अभियानअन्तर्गत प्राथमिक तहका कक्षाहरूमा गत वर्षदेखि प्रारम्भ भएको "**हाम्रो अमरगढी**" नामक स्थानीय पाठ्यक्रममा आवश्यकतानुसार परिमार्जन गरी सो अनुरुपका स्रोत सामग्री र पाठ्य सामग्रीहरू उत्पादन एवम् वितरण गरिनेछ।

३६. विद्यालय शिक्षामा विद्यार्थी जिम्मेवार पद्धति (Student Assignment System) लाई विद्यार्थी मूल्याङ्कन पद्धतिको अङ्गका रुपमा निरन्तरताका साथै थप प्रभावकारी र व्यवस्थित बनाइनेछ।

३७. आधुनिक पूर्वाधारहरूको विकास गर्दै सामुदायिक विद्यालयहरूलाई प्रविधिमैत्री बनाउँदै लगिनेछ। सबै विद्यालयहरूमा इन्टरनेट कनेक्टिभिटी उपलब्ध गराइ शिक्षण सिकाइमा यसको उपयोग गर्नुका साथै वैकल्पिक सिकाइका लागि विद्यालयहरूलाई सुविधायुक्त बनाउँदै लगिनेछ।

३८. विपन्न वर्गका बालबालिकाहरुलाई गुणस्तरयुक्त र प्राविधिक शिक्षामा पहुँच बढाउन अमरगढी शैक्षिक छात्रवृत्ति कार्यक्रम लागू गरिनेछ। यसका लागि अमरगढी शैक्षिक छात्रवृत्ति कोष स्थापना गरी परिचालन गरिनेछ। उक्त कोषमा संस्थागत विद्यालयबाट मासिक प्रति विद्यार्थी रु.२ (दुई) का दरले रकम जम्मा गर्नुपर्ने व्यवस्था लागू गरिनेछ।

३९. सामुदायिक विद्यालयमा अभिभावक सहभागिता बृद्धि गर्न अभिभावक सम्मान एवम् सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। सार्वजनिक पद धारण गरेका राष्ट्रसेवक कर्मचारी, शिक्षक, जनप्रतिनिधि र राजनीतिज्ञहरुलाई सामुदायिक विद्यालयमा छोराछोरीहरु भर्ना गर्न अभिप्रेरित गरिने छ।

४०. प्राविधिक तथा गुरुकुल शिक्षाको स्थापना र प्रबर्द्धनका लागि गरिएका प्रयासहरूलाई निरन्तरता दिइनेछ। उग्रतारा वेदविद्याश्रमलाई भौतिक पूर्वाधार र जनशक्ति सम्पन्न बनाईने छ। अमरगढी बहुप्राविधिक शिक्षालयलाई आगामी शैक्षिक सत्रमा सञ्चालन गरिनेछ भने आ.व. २०७८।०७९ मा यसको आफ्नै भौतिक संरचना निर्माण कार्य प्रारम्भ गरी आगामी ३ वर्षभित्रमा सम्पन्न गरिनेछ। प्राविधिक धारका विद्यार्थीहरूका लागि निश्चित छात्रवृत्तिको व्यवस्था गरिनेछ।

४१. अमरगढीका विद्यार्थीहरूका लागि भिमदत्त बहुमुखी क्याम्पस र डडेल्धुरा बहुमुखी क्याम्पसमा निःशुल्क उच्च शिक्षा कार्यक्रम लागु गरिनेछ।

४२. नमूना विद्यालयहरू छनौटको सूचकहरू तयार पारी नमुना विद्यालय अनुदानको व्यवस्था गरिनेछ । सामुदायिक विद्यालय बस सेवामा साझेदारीको व्यवस्था मिलाइनेछ । दैनिक १० किलोमिटरभन्दा टाढा गएर अध्यापन गर्ने शिक्षकहरूलाई इन्धन सहुलियतको व्यवस्था मिलाइनेछ ।

४३. 'बालबालिका र ज्येष्ठ नागरिकसँग मेयर कार्यक्रम' मार्फत अशक्त र असहाय लगायत निष्कृय समूहको रक्षार्थ विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

उपस्थित महानुभावहरु,

४४. दक्ष श्रमिक, कामको सम्मान, स्वरोजगार, उपयुक्त पारिश्रमिक र सामाजिक संरक्षण सहितको श्रम व्यवस्थापन गर्न नेपाल सरकारको प्रमुख श्रम नीतिलाई अवलम्वन गरिने छ ।

४५. प्रर्याप्त आन्तरिक रोजगारी भई नसकेको अवस्थामा कोभिड-१९ को विश्वव्यापी महामारीले स्वदेशको रोजगारी संकुचित हुने र बैदेशिक रोजगारमा रहेका नेपालीहरु फर्किने सम्भावित परिस्थितीले वेरोजगारको संख्या बढ्ने जोखिमलाई न्यूनिकरण गरि व्यवसायिक कृषि, वृहत् भौतिक पूर्वाधार, स्थानीय पूर्वाधार, लघु घरेलु तथा साना उद्योग, उत्पादनमुलक उद्योग, निर्माण सेवा क्षेत्र परिचालन गर्न संघ र प्रदेश सरकारसंग साझेदारी गरिने छ ।

४६. नगरभित्रका सबै श्रमिकलाई एकै ठाउमा जोड्नका लागि श्रमिक बैक स्थापना गरिनेछ । बैक मा जोडिएका श्रमिकले आफुले चाहे अनुसारको रोजगारी छनौट गर्न पाउनुका साथै उनीहरुलाइ आवश्यक सीप प्रदान गर्न विभिन्न व्यवशायीक तालीम संचालन गरिने छ । वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको सीप, अनुभव, र रुचीको अभिलेख बनाइ नगरभित्र सिर्जना हुने कामका अवसरमा जोडिने छ ।

४७. नव प्रवर्द्धनकारी यूवा तथा अन्य उद्यमी र वैदेशिक रोजगारवाट फर्केका अनुभवी तथा सिपयुक्त उद्यमी यूवाहरुलाई उद्योग व्यवसाय शुरु गर्न शुरुवाती पुँजी उपलव्ध गराउने नेपाल सरकारको नीतिसंग समन्वय गरिने छ । विकासमा युवा परिचालनको नीतिलाई अवलम्बन गरिने छ ।

४८. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सिपयुक्त, दक्षजनशक्ति, रोजगारीको क्षेत्र र रोजगार सम्वन्धी अन्य कार्यक्रमहरुसंग आवद्ध गरी यथार्थ, उत्पादनमुलक रोजगार सृजना गर्न वेरोजगार लक्षित अभियानको कार्यान्वयन का साथै युवा रोजगारिका लागि रुपान्तरण **पहल आयोजना** संचालन  गर्ने नेपाल सरकारको नीति संग साझेदारी गरिने छ ।

४९. अब नेपालमा गरिविको कारणले **कोहि भोकै पर्दैन भोकले कोही मर्दैन** भन्ने नीतिलाई थप प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ । जग्गालाई बाझो राख्न नपाउने नीति लागू गरिने छ । **विपन्नसंग भिमदत्त झिलिमिली** कार्यक्रम लागु गरिने छ ।

५०. कुनै कारणबस विगतमा राज्यबाट प्रदान गरिने सेवा सुविधा पाउनबाट बञ्चित हुन पुगेका हलियाहरुको तथ्याङ्क सङ्कलन गरी पुनःस्थापना गरिने छ ।

५१.ग र घ वर्गमा पर्ने अपाङ्गता भएका व्यक्तिहरुका लागि ५०० मिनेट/महिनाको भ्वाइस प्याकको व्यवस्था मिलाइने छ ।

५२. साठी वर्षभन्दा माथिका सबै, गर्भवती, एकल महिला, विपन्न र दलितहरुका लागि अमरगढी भित्र निःशुल्क एम्बुलेन्स सेवाको व्यवस्था मिलाइने छ। स्वास्थ्य बीमामा साझेदारी (गरिव तथा विपन्नका लागि) गर्दै रु १ लाखसम्मको निःशुल्क स्वास्थ्य उपचार सेवाको व्यवस्था मिलाइने छ।

५३. **विपन्न वर्ग शौचालय निर्माणमा साझेदारी** कार्यक्रम र **सुत्केरीसंग उपमेयरको मायाको कोशेली** कार्यक्रमलाई प्रभावकारी कार्यक्रमको रुपमा विकसित गर्दै लगिने छ।

५४. लागुऔषध दुर्व्यसन विरुद्ध सचेतनामूलक कार्यक्रमहरु, सामुदायिक मेलमिलाप तालिमको व्यवस्था, युवा खेल प्रवर्द्धनका कार्यक्रमहरु, खेल शिक्षक मासिक भत्ता लगायतका युवा लक्षित कार्यक्रमहरु सञ्चालन गरिने छन।

उपस्थित महानुभावहरु

५५. कृषि तथा पशुपालन पेशालाई व्यवसायिक र यान्त्रिकरण गर्न कृषि पूर्वाधार विकास, कृषकहरुको क्षमता विकास गर्दै युवा रोजगारी सिर्जना, गरिवि निवारणमा योगदान पुग्ने गरि समावेशी आर्थिक विकासका कार्यक्रम कृषकको साझेदारीमा सञ्चालन गरिनेछ। पशु तथा बाली बीमामा कृषकहरुलाई प्रेरित गर्नुका साथै नगरपालिकाबाट समेत बजेट व्यवस्था गरि जोखिम न्यूनिकरणमा जोड दिइनेछ।

५६. संघीय सरकारले अघि सारेको सदुपयोगको सिद्धान्त अन्तर्गत यस अमरगढी नगर क्षेत्र भित्रका सबै खाले जमिनलाई खेर जान नदिने र कृषियोग्य भुमिको पूर्ण उपयोग गरि सघन खेती प्रणालिका माध्यमबाट ठूलो परिमाणमा कृषि उत्पादन गर्ने नीति कार्यान्वयनमा ल्याइनेछ। कृषि पेशालाई सम्मानित र प्रतिष्ठित पेशाका रुपमा विकास गर्न नमूना कृषि व्यवसाय सञ्चालन गरिरहेका कृषकहरुका लागि **सर्वोत्कृष्ट र उत्कृष्ट कृषक सम्मान कार्यक्रम** सञ्चालन गरिनेछ।

५७. किसान पेन्सन कार्यक्रमलाई महत्वका साथ लागु गरिने छ।

५८. व्यवसायिक गाई, भैसी फर्म; बंगुर फर्म; बाख्रा फर्म; विकास र विस्तारका लागि लागत सहभागितामा अनुदान दिने नीति अवलम्बन गरिने छ। उन्नत जातका पशु आयातमा जोड दिदै लोप भइरहेका स्थानीय पशु प्रजातिहरुको संरक्षण गरि दुग्ध र मासुजन्य उत्पादनमा जोड दिइने छ र उन्नत जातका पशुपालनमा विशेष सहुलियत प्रदान गरिने नीति अवलम्बन गरिनेछ।

५९. लोपोन्मुख खाद्यान्न बाली विशेष किसिमका कार्यक्रम कोदो, फापर, काकुन, मुसुरो, धान लगायतका बाली संरक्षण गरिने छ। High value crops र One Village One Product कार्यक्रमको व्यवसायीकरण गरिनेछ। कृषि बाली संरक्षणका लागि वन्यजन्तुबाट हुने हानी नोक्सानीको नियन्त्रणका लागि पहल गरिने छ।

६०. आगामी आर्थिक वर्षमा नेपाल सरकारले कृषि क्षेत्रमा थप आधुनिकीकरण एवं यान्त्रिकरण र विशिष्टीकरण गरि उत्पादकत्व तथा उत्पादनवृद्धिमा जोड दिई **स्वदेशी वस्तुको उपभोग गरौं आन्तरिक उत्पादनलाई प्रोत्साहन गरौं** अभियान सञ्चालन गर्ने नीति तथा प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना संग समन्वय र साझेदारी गरिने छ।

६१. कृषिको उत्पादन, प्रशोधन र बजारीकरणका सन्दर्भमा नेपाल सरकारवाट उपलव्ध गराइने सहुलियत र प्राविधिक सेवाको प्रबन्ध गर्न हरेक किसानलाई सूचीकरण गर्ने नेपाल सरकारको नीतिमा साझेदारी गरिने छ।

६२. कृषियोग्य भूमिको नियमित माटो परिक्षण गर्न माटो परिक्षण प्रयोगशाला बिस्तार गरिने छ। कृषकलाई माटोको प|कार, गुणस्तर, हावापानी अनुकुल खेती गर्न उचित मात्रामा मल,बिउ र विषादीको प्रयोग गर्न प्राविधिक सेवा उपलव्ध गराईने छ।

६३. नश्ल सुधारका कार्यक्रम सञ्चालन गरि उन्नत नश्लको व्यवसायिक पशुपंक्षी पालन गर्न कृषकलाई प्रोत्साहन गरिने छ। पोषणयुक्त पशुआहरको प्रवर्द्धन गरिने छ। पशुपालनका लागि घाँसखेती, बृहत् चरिचरनको विकास गरिने छ।

६४. पशुजन्य उत्पादनको गुणस्तर, नियन्त्रण तथा नियमन गरि वजार व्यवस्थापनमा सहजीकरण गरिने छ। गुणस्तरीय पशु स्वास्थ्य सेवा विस्तार गरिने छ। पशुरोग विरुद्ध खोपका कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिने छ।

६५. जलवायु परिवर्तन, रोगको प्रकोप, एवं प्राकृतिक विपत्तिबाट कृषि क्षेत्रमा आउन सक्ने जोखिम न्यूनीकरण गर्न आवश्यक पहल गरिने छ। पशुपंक्षी तथा बाली बीमाको विस्तार र जलवायु अनुकुलन कार्यक्रम सञ्चालन गरि लगानी सुरक्षण गर्न संघ र प्रदेशका सरकार संग समन्वय गरिने छ।

६६. पर्यटकीय क्षेत्रको प्रचार प्रसार तथा सजावटमा विशेष ध्यान दिइने छ। सहकारीमा आवश्यक बजेटको व्यवस्था गरेर सहकारीलाई व्यवस्थित, मर्यादित बनाउदै कानूनको दायरामा ल्याउन अनुगमन तथा मूल्याङ्कनलाई प्राथमिकताका साथ अगाडि बढाइने छ।

उपस्थित महानुभावहरु,

६७. जमीनको भूउपयोग, आय आर्जन तथा जीवीकोपार्जन सुधार र वातावरण संरक्षणमा योगदान पुग्ने गरि कृषि वनको विस्तार गरिने छ।

६८. दिगो वैज्ञानिक वन व्यवस्थापन र वनजन्य उद्यम विकास गर्न **समृद्धिका लागि वन** कार्यक्रम कार्यान्वयनमा साझेदारी गरिनेछ।

६९. नमूना जलवायु परिवर्तन अनुकुलन कार्यक्रम तर्जुमा गरि कार्यान्वयन गर्न नेपाल सरकारको नीतिमा साझेदारी गरिने छ।

७०. जैविक विविधता संरक्षण एवं प्रवर्द्धनको कार्यक्रम संचालन गरिने छ। वातावरण र विकासबीच सन्तुलन कायम हुने गरि विकास कार्यक्रम तथा आयोजना सञ्चालन गरिने छ।

७१. सरकारी सार्वजनिक जग्गामा रहेको अतिक्रमण हटाई संरक्षण र उपयोग गर्न समुदायको समन्वय, सक्रियता र जागरणमा सरकारी सार्वजनिक गुठी जग्गाको संरक्षण अभियानलाई थप प्रभावकारी बनाईने छ।

उपस्थित महानुभावहरु,

७२. स्थानीय उत्पादनका लागि बजार सुनिश्चितता गर्दै वातावरणमैत्री उद्योग स्थापनामा जोड दिने नीति अवलम्बन गरिने छ।

७३. निजी क्षेत्रसंग को साझेदारीमा साना तथा मझौला उद्योग स्थापनामा राजश्व सहुलियत गर्ने नीतिलाई प्राथमिकता दिईनेछ। नगर क्षेत्रमा संचालित उद्योग तथा व्यवसायिक फर्महरुको अनिवार्य दर्ता नविकरण कार्यलाई व्यवस्थित गर्ने नीति अवलम्बन गरिनेछ।

७४. सरकारको **उद्यमशीलता, रोजगारी र उत्पादन वृद्धिः हुन्छ नेपालको सम्वृद्धि**को नीतिलाई अवलम्बन गरि उपलव्ध श्रोतसाधन, पुँजी, सीप एवं प्रविधिको अधिकतम उपयोगवाट औधोगिक उत्पाकत्व र उत्पादन वृद्धि गर्ने गरि उद्योग क्षेत्रका कार्यक्रमहरु संचालन गरिने छ।

७५. स्थानीय श्रम, सिप र श्रोतसाधनको अधिकतम प्रयोग गरि एकीकृत रुपमा उद्योग व्यवसायीको विकास गर्न औद्योगिक ग्राम स्थापना गर्ने कार्यको थालनी भईसकेको सन्दर्भमा सो कार्यलाई प्राथमिकताका साथ अगाडी बढाइने छ।

७६. नगरपालिकामा **एक वडा एक उद्योग**को नीतिलाई कार्यान्वयन गरि हाल सिर्जित वेरोजगारिको समस्या न्यूनीकरण गरिने छ।

७७. स्थानीय उत्पादन, हस्तकला आदिको प्रचारप्रसार र बजारीकरणमा सहयोग पुर्याउने उद्देश्यले निजी क्षेत्रसंगको सहकार्यमा उपयुक्त स्थानमा एक कोशेली घर को स्थापना गरिने छ।

७८. नगरपालिका भित्रका सहकारी र वित्तीय संस्थालाई उत्पादनमुलक क्षेत्रमा लगानीको लागि प्रोत्साहन गरिने छ। सहकारी क्षेत्रलाई व्यवस्थित, मर्यादित र प्रभावकारी बनाउनका लागि अनुगमन, मूल्याङ्कन र तथ्याङ्क सङ्कलन सहित डायरी प्रकाशन गरिनेछ। सहकारी क्षेत्रमा कार्यरत कर्मचारीहरुको क्षमता विकासका लागि विभिन्न कार्यक्रमहरुसंग साझेदारी गरिनेछ।

७९. स्थानीय उत्पादन वृद्धि, रोजगारी सिर्जना र गरिवी न्युनीकरण गर्न सहकारी क्षेत्रको प्रवर्द्धन गरिने छ। उद्देश्य र कार्यक्षेत्रको विश्लेषणका आधारमा सहकारी संस्थालाई एकआपसमा गाभिन प्रोत्साहन गर्ने सरकारको नीतिसंग साझेदारी गरिने छ।

८०. सहकारी संस्थालाइ घरेलु तथा साना उद्यमको प्रवर्धन, कृषी उत्पादन, भण्डारण तथा प्रशोधन एवं गरिवी निवारण सम्बन्धी कार्यक्रममा प्रोत्साहित गरिने छ। सहाकारीको माध्यमबाट कृषी सामाग्री, पुँजी, प्रविधि र बजारमा कृषक को सहज पँहुच सुनिश्चित गरिनेछ।

८१. नयाँ स्थापना हुने वित्तीय संस्थाको नगरपालिकामा दर्ता हुने र क्षेत्र विस्तार गर्न नगरपालिकाको स्वीकृति लिनु पर्ने व्यवस्था गरिने छ। वित्तीय संस्थामा **एक परिवार एक खाता** नीति अनिवार्य रुपमा अवलम्बन गरि आम जनताको बचत अभिबृद्धिमा पहल गरिनेछ।

उपस्थित महानुभावहरु,

८२. परम्परागत  लोकभाका, डोटेली संस्कृतिको जगेर्ना गर्न **डोटेली संग्रहालय** स्थापना गर्न आवश्यक पहल गरिने छ। ऐतिहासिक अमरगढी किल्लाको मौलिक संरक्षणमा जोड दिइने छ। किल्लालाई ऐतिहासिक पर्यटकीय स्थलका रुपमा विकास गर्न गुरुयोजना निर्माण गरि कार्यान्वयनमा ल्याइने छ।

८३. ऐतिहासिक धार्मिक एवं पर्यटकीय स्थलहरुः उग्रतारा मन्दिर, घटालस्थान, रावलतोली गुफा, सहश्रलिङ्ग धुरा, कोलटुक्रा दरवार, हटगाउँ, र काडेकोटमा रहेका देवल, कश्यालेक, महाभारत धुरा, शैलेश्वर मन्दिर, सहश्रलिङ्ग, असिग्राम, भुमिराज, समैजी, बैजनाथ, कैलपाल जस्ता शक्तिपीठहरुको  संरक्षण र प्रचारप्रसारमा जोड दिइने छ।

८४. शहिद भिमदत्त पन्तको जन्मथलो अमरगढी २ लाई **शहिद भिमदत्त आदर्श बस्ती**का रुपमा विकास गर्दै भिमदत्त होमस्टे विकास गरी सञ्चालन गरिने छ।

८५. गौरा, डोलजात्रा, बाघजात्रा, गाईजात्रा, राई-पोखरा बन्ढुनी, तीज प्रतियोगिता, लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान, नारी दिवस, भिमदत्त र अमरसिंह स्मृति दिवस आदि कार्यक्रममा आवश्यकतानुसार साझेदारी गर्दै प्रोत्साहन गरिने छ। पर्यटकीय क्षेत्रहरुको बृक्षारोपणमा जोड दिइने छ।

८६. वन वातावरणको संरक्षणका लागि तथा विपदको पूर्व तयारीका लागि सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिने छन।

८७. कोभिड-१९ का कारण स्थगित हुन पुगेको **घुम्न जाऔं अमरगढी** कार्यक्रमलाई निरन्तरता प्रदान गर्दै आन्तरिक पर्यटन प्रवर्धनको कार्यलाई निरन्तरता दिइने छ।

८८. महत्वपूर्ण धार्मिक क्षेत्रहरुका पुजारीहरुका लागि आवश्यक सुविधाको व्यवस्था मिलाइने छ।

उपस्थित महानुभावहरु,

८९. नगर क्षेत्रभित्रका सबै वडामा **एक घर एक धारा** नीतिलाई कार्यान्वयन गरि खानेपानीको पहुँच वृद्धि गरिने छ। सरसफाईको लागि टोल समितिलाई प्रभावकारी बनाई निरन्तरता दिईने छ। खानेपानी तथा सरसफाई समितिलाई अझ बढी उत्तरदायी बनाईने छ।

९०. फोहोरमैला व्यवस्थापनमा संलग्न जनशक्तिको उत्प्रेरणा बढाउन जोड दिई फोहोरमैला व्यवस्थापनमा उचित मापदण्ड अपनाई पुरस्कार र दण्ड जरिवानालाई प्रभावकारी बनाइने छ। फोहोरलाई मोहरमा परिणत गर्ने नीतिलाई निरन्तरता दिइने छ। फोहोर वर्गिकरण गरी व्यवस्थापन गर्न 3R- Reduce, Recycle, Reuse को नीति लागु गरिने छ।

९१. शहरी क्षेत्रमा सार्वजनिक शौचालयको संख्या थप गरि शहरको सुन्दरता कायम गरिने छ।

९२. आयोजना व्यवस्थापनलाई सुदृढ बनाई विकास आयोजनाहरु निर्धारित समय, लागत र गुणस्तरमा सम्पन्न गरिने छ। हाल सञ्चालनमा रहेका कार्यक्रम र आयोजनाहरुको आवश्यकता अनुसार पुनर्संरचना तथा पुनःप्राथमिकीकरण गरिने छ।

उपस्थित महानुभावहरु,

९३. अत्यावश्यक पूर्वाधारको अभाब रहेको स्थानहरुमा नयाँ पुर्वाधार निर्माण गरिने छ। विद्यमान पुर्वाधारहरुको क्षमता विस्तार, गुणस्तर वृद्धि, स्तरवृद्धि एवं समयानुकुल मर्मत सम्भार गरिने छ। उपभोक्ता समिति मार्फत निर्माण हुने वडास्तरिय र प्रधानमन्त्री रोजगार कार्यक्रमका आयोजनाहरुको गुणस्तर कायम गर्नका लागि समयमै उपभोक्ता समितिलाई तालिमको व्यवस्था गरिनेछ । निश्चित सूचक, मापदण्ड तथा स्थलगत अनुगमन/मूल्याङ्कनका आधारमा उत्कृष्ट र सर्वोत्कृष्ट उपभोक्ता समिति छनोट गरी सम्मान तथा पुरुस्कारको व्यवस्था गरिनेछ।

९४. नगरक्षेत्र भित्रका सम्पूर्ण ग्रामिण सडकहरु ग्राभेल गरी मर्मत सम्भारको कार्यलाई विस्तार गरिने छ। कार्यालयको सेवा प्रवाहलाई थप प्रभावकारी र समयसापेक्ष बनाउनका लागि टोकन प्रणालीको व्यवस्थाका लागि आवश्यक पूर्वाधारको व्यवस्था गरिने छ। वडा सचिवहरुको लागि ल्यापटपको व्यवस्था मिलाइने छ।

९५. स्थानीय पूर्वाधार निर्माणको गुरुयोजना तयार गर्नुका साथै नगरपालिका भित्रका सडकहरुको **MTMP** अध्यावधिक गरिने छ।

९६. नगरपालिका भएर जाने सबै लोकमार्गको सीमाङ्कन गरि अनावश्यक सडक मिच्ने कार्यलाई निरुत्साहित गरिने छ।

९७. निजी क्षेत्रको सहकार्यमा **नगर बस** सञ्चालन गरिने छ । वडा नं. १ को ढुन्ढुने क्षेत्रमा बजारभरिका ग्यारेज व्यवस्थापन कार्यलाई निरन्तरता दिइने छ।

९८. डकले-सल्लाघारी-आईत-जिलोडा सडकलाई **नगरस्तरिय गौरव आयोजना**का रुपमा अगाडी बढाइने छ । डकलेमा **सुविधा सम्पन्न बसपार्क** निर्माण गर्ने कार्यलाई द्रुतगतिमा अगाडी बढाइने छ । बागबजारमा भएको बसपार्कको उचित व्यवस्थापन गर्दै **बस स्टेण्ड**को रुपमा विकास गर्न पहल गरिने छ।

९९. अधुरा योजनाहरुलाई क्रमागत रुपमा अगाडि बढाई निर्माण सम्पन्न गर्ने नीति अगाडि बढाइने छ।

१००. ठाउँठाउँमा पोखरी निर्माण गरि भुमिगत सिँचाईको अध्ययन अनुसन्धान गरिने छ। सम्पूर्ण भूभागलाई सिङ्चित गरि उत्पादन बढाउन एकीकृत सिँचाई योजना तर्जुमा गरिने छ।

१०१. घर नक्सा पासलाई व्यवस्थित गरि सडक सतहबाट माथि निर्माण हुने गरि घरतलाको संख्या निश्चित तुल्याउन थप कडाई गरिने छ।

१०२. सार्वजनिक जमिन मिचेर घर निर्माण गर्ने कार्यलाई निरुत्साहित गरि सार्वजनिक जमिनको लगत लिई संरक्षणमा जोड दिनका साथै सार्वजनिक जमिन मिचेर बनाइएका संरचना हटाइने छ।

१०३. अमरगढी नगरपालिकालाई **Smart city** को रुपमा विकास गरिने छ। **एक भवन दुई विरुवा** रोपी हरियाली शहर निर्माणमा जोड दिइने छ।

१०४. अव्यवस्थित बसोबासलाई व्यवस्थित गरि बढ्दो शहरीकरणलाई उचित व्यवस्थापन गरिने छ।

१०५. नेपाल सरकार र दातृ निकायको सहयोग र समन्वयमा निर्माण गरिने शहरी पूर्वाधारहरु जस्तै रंगशाला, सभागृह, धार्मिक तथा पर्यटकिय पूर्वाधार, प्राविधिक शिक्षालय, सपिगं कम्प्लेक्स, ल्याण्डफिल साईट, सिटी हल निर्माणमा पहल गरिने छ ।

१०६. नगरपालिका भित्रका ग्रामिण क्षेत्रसम्म गुणस्तरीय इन्टरनेट सेवा विस्तारमा पहल गरि सूचना प्रविधिमा सबै नागरिकको पहुँचलाई सुलभ बनाइने छ ।

१०७. सार्वजनिक महत्वका स्थानमा सौर्यबत्ती जडान गर्ने तथा **सडक सौर्यबत्ती विस्तार कार्यक्रम** लागू गरिने छ।

१०८. बढ्दो वन विनासको नियन्त्रण र भू-संरक्षणमा जोड दिई वन उद्यानमा जोड दिइने छ ।

१०९. बढ्दो जलवायु परिवर्तनबारे नगरवासीलाई सुसूचित तुल्याई जलवायु परिवर्तन न्यूनिकरणमा जोड दिदै वातावरणमैत्री विकासको नीति अवलम्बन गरिने छ ।

११०. विपद् व्यवस्थापन पूर्व तयारी बारे जानकारी संयन्त्र निर्माण गरि विपद् व्यवस्थापन कार्य योजना निर्माण गरि लागु गरिने छ ।

१११. पूर्वाधार विकास र सेवा प्रवाहका लागि कठिन, छरिएर रहेका र भौगोलिक दृष्टिले असुरक्षित, अपायक एवं जोखिमयुक्त स्थानहरुमा वस्ती हुनु हुदैन / राखिने छैन भन्ने संघीय सरकारको नीतिसंग साझेदारी गर्दै आधुनिक, एकीकृत र सुरक्षित वस्ति विकास गरी स्थानान्तरण गर्ने कार्यमा सहकार्य गरीने छ ।

११२. अति विपन्न, सीमान्तकृत, जातजाति, गरिव आदि समुदायका लागि सुरक्षित आवास उपलब्ध गराउन सुरक्षित नागरिक आवास कार्यक्रममा समन्वय र साझेदारी गरिने छ ।

११३. उज्यालो नेपाल निर्माणको कार्य अनुरुप सबै वस्तीहरुमा बिद्युत पहुँच पुर्याउन आवश्यक पहल गरिने छ ।

११४. सिँचाई र कृषिका लागि आवश्यक विद्युत प्राथमिकताका साथ उपलब्ध गराउने गरि विद्युत सेवा विस्तार गरिने छ ।

उपस्थित महानुभावहरु,

११५. सेवा प्रवाहका कार्यहरुमा आधुनिक प्रविधि प्रयोग गरि सुशासन सहितको डिजिटल प्रविधिको उपयोगबाट सेवा प्रवाह उत्पादकत्व र उत्पादन अभिबृद्धि गरि आर्थिक सामाजिक रुपान्तरण गर्ने सरकारको नीतिलाई अवलम्बन गरिने छ ।

११६. ईन्टरनेट सेवा सुलभ, सहज र सरल रुपमा उपलब्ध गराउन सेवा प्रदायकहरुको साझेदारीमा पूर्वाधार निर्माण गरि वितरण गर्ने सरकारको नीतिमा समन्वय गरिने छ ।

११७. वडा कार्यालयको प्रशासनिक भवन निर्माण कार्यलाई प्राथमिकता दिई आफ्नै भवनबाट सेवा विस्तार गर्ने कार्यलाई महत्वका साथ अगाडि बढाइने छ ।

११८. गुनासो सुनुवाईलाई प्रविधिसंग जोड्दै व्यवस्थित गरिने छ ।

११९. सेवालाई प्रभावकारी बनाउन सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण, जनतासंग जनप्रतिनिधिको प्रत्यक्ष संवाद, विद्युतीय नागरिक वडापत्र (e-citizen charter). E-Sifaris, डिजिटल अमरगढी कार्यक्रम र प्रविधिसंग सेवा प्रवाहलाई जोड्ने नीतिलाई निरन्तरता दिइने छ । आवश्यकतानुसार नगर प्रहरीको व्यवस्था गरिने छ ।

१२०. कार्यालयको सेवा प्रवाहलाई व्यवस्थित बनाउदै Local Government Institutional Capacity Self-Assessment (LISA) कार्यविधिसंग tie up हुने प्रकारले सेवा प्रवाहलाई प्रविधिमैत्री र खुला सरकारको मान्यताका साथ अगाडि बढाइने छ ।

१२१. सञ्चार क्षेत्र सम्मान तथा पुरुस्कार कार्यक्रमसंगै मिडियामैत्री स्थानीय सरकारको सुनिश्चितता गरिने छ ।

१२२. राजश्व प्रणालीलाई अनलाइन सेवामा जोडी सबै वडाबाट सेवा प्रवाह गरिने छ ।

१२३. दीर्घकालिन नगर गुरुयोजना निर्माण गरि कार्यान्वयनमा ल्याइने छ ।

१२४. आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक लेखापरिक्षण जस्ता व्यवस्थापनका प्रणालीहरुलाई प्रभावकारी बनाइने छ ।

उपस्थित महानुभावहरु,

१२५. महिला हिंसा र वेचविखनका कार्यलाई निरुत्साहित गर्ने किसिमका सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ । **गृहणीसंग उपमेयर** कार्यक्रम मार्फत महिलाका विभिन्न समस्या समाधानका लागि आवश्यक बजेटको व्यवस्था गरिने छ ।

१२६. बालबालिका सम्बन्धी राष्ट्रिय रणनीति अनुरुप सहकार्य र समन्वयमा बाबु आमा तथा अभिभावकको मृत्यु भई वा अन्य कारणले असहाय भएका वा सडकमा वेवारिसे अवस्थामा रहेका बालबालिकाको उद्दार तथा संरक्षण गर्ने सरकारको नीतिलाई कडाइका साथ लागु गरिने छ ।

१२७. अपाङ्ग भएका व्यक्तिहरुको शिक्षा, स्वास्थ्य, मनोरञ्जन, खेलकुद, रोजगारी र आयआर्जनका लागि विशेष कार्यक्रम तर्जुमा गरि सबै निकायसंग समन्वय र साझेदारी गरिने छ । महिलाको सामाजिक-आर्थिक अधिकार हासिल हुने गरि महिला लक्षित कार्यक्रम संचालन गरि नगरका विपन्न र वञ्चितिकरणमा परेका महिलाको सीप तथा उद्यमशीलता विकास गरी रोजगारीका अवसर प्रदान गरिने छ ।

१२८. अपाङ्ग, दलित, आदिबासी, जनजाती र असहायको सामाजिक जीवनको सुरक्षाको सुनिश्चितताका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिने छ । साथै अल्पसंख्यक पिछडिएको वर्ग क्षेत्रको उत्थान र जातिय भेदभावको अन्त्य गरिने छ ।

१२९. सामाजिक सुरक्षा कार्यक्रम एकीकृत रुपमा सञ्चालन गरि प्रभावकारी रुपमा अनुगमन गर्नुका साथै सामाजिक सुरक्षा भत्ता बैङ्क मार्फत् वितरण प्रणालीलाई थप व्यवस्थित गरिने छ ।

उपस्थित महानुभावहरु,

१३०. युवाको क्षमता अभिवृद्धिका लागि स्वास्थ्य सचेतना विपद् व्यवस्थापन तथा वातावरण संरक्षण र सरसफाई विरुद्धको सामाजिक जागरण कार्यक्रममा युवा परिचालन गर्न संघ र प्रदेश सरकारसंग सहकार्य गरिने छ।

१३१. क्षेत्रीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलकुदमा सहभागी भई पदक प्राप्त गर्न सक्ने गरि खेलाडीको क्षमता विकास गर्न कार्यक्रम तर्जुमा गरिने छ।

१३२. स्थानीय, प्रादेशिक तथा राष्ट्रियस्तरमा सुविधा सम्पन्न खेलकुद पूर्वाधारको निर्माण तथा स्तरोन्नति गर्ने कार्यका लागि पहल गरिने छ।

१३३. युवाहरुको शक्तिलाई नगरको समृद्धिमा उपयोग गर्दै नगरस्तरिय प्रतिभाको खोजि तथा प्रोत्साहन कार्यक्रम आयोजना गरिने छ।

१३४. सामुदायिक बिद्यालयका खेल मैदानको स्तरोन्नति गरिने छ। युवाहरुको बढ्दो खेल प्रतिको आकर्षणलाई मध्यनजर गरि विभिन्न खेलकुद गतिविधि सञ्चालन गर्ने नीति लिइने छ।

१३५. भजनपुर क्रिकेट मैदान, उग्रतारा रंगशाला, रामलिला खेल मैदान, खेताखोला खेल मैदानको निर्माण कार्य प्राथिमकताका साथ अगाडि बढाइने छ।

उपस्थित महानुभावहरु**,**

१३६. विधिको शासन, नतिजामुखी व्यवस्थापन र जवाफदेहिता जस्ता असल शासनका मुलभुत मान्यतालाई अबलम्बन गरिने छ।

१३७. कार्यसम्पादन सम्झौतालाई नतिजा सूचकमा आधारित गराई थप प्रभावकारी बनाइने छ।

१३८. कर्मचारीको क्षमता एवं दक्षता अभिवृद्धि को लागी आवश्यक तालिमको व्यवस्था गरिने छ। कर्मचारी आवास तथा प्रोत्साहनको व्यवस्था गरिने छ। ईन्धन र सञ्चार खर्चको आवश्यक व्यवस्था मिलाइने छ।

१३९. भ्रष्ट्राचारमा शुन्य सहनशिलताको नीति अबलम्बन गरिने छ। अनुसन्धान र छानविन कार्यलाइ थप सशक्त बनाइ भ्रष्ट्राचार, अपचलन, अनियमितता सरकारी सम्पत्तिको अनाधिकृत प्रयोग गर्ने जो सुकैलाई कानुनी कारवाहीको दायरामा ल्याइने छ।

१४०. **म भ्रष्टाचार गर्दिन, म भ्रष्टाचार हुन दिन्न र म देश र जनताका लागि इमान्दार भएर काम गर्नेछु** भन्ने प्रतिज्ञा सहितको कार्य संस्कृतिको प्रवर्द्धन गर्ने सरकारको नीतिलाई पूर्ण पालना गरिने छ।

१४१. सार्वजनिक खरिदलाई पारदर्शी, प्रतिस्पर्धी र मितव्ययी बनाई खरिद कार्यमा सुशासन कायम गरिने छ।

१४२. स्थानीय न्यायिक समितिको कार्य सम्पादनलाई छिटो छरितो बनाई सहज पहुँच युक्त बनाइने छ।

१४३. हिंसा पीडित महिला, अपाङ्ग भएका व्यक्ति, दलित, वालवालिका र जेष्ठ नागरिकको न्यायमा पँहुच पुर्याउन विशेष पहल गरिने छ।

उपस्थित महानुभावहरु,

१४४. प्रस्तुत नीति तथा कार्यक्रम को सफल कार्यान्वयनबाट देश तथा नगरको आर्थिक, सामाजिक क्षेत्र थप गतिशील हुने छ। पारस्परिक सम्मान र अवसर सहित सामाजिक न्याय कायम हुनुका साथै **समृद्ध नगर: सुखी नगरवासी**को आकाँक्षा पुरा गर्न योगदान पुग्ने छ भन्ने मैले बिश्वास लिएको छु।

१४५. माथि प्रस्तुत भएका नीति तथा कार्यक्रमको कार्यान्वयनमा सबै पक्षबाट सक्रिय सहयोग हुने विश्वास मैले लिएको छु।

१४६. अन्त्यमा, नगरको समग्र विकास तथा सुशासन कायममा योगदान गर्ने सम्पूर्ण नगरवासीहरु, बुद्धिजीवी, राष्ट्रसेवक, नागरिक समाज, निजी, सहकारी र सामुदायिक क्षेत्र एवं सञ्चार जगतलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

विश्वेश्वरप्रसाद ओझा 'विपिन'
नगर प्रमुख
अमरगढी नगरपालिका, डडेल्धुरा
मिति २०७८/०३/१०